नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

National Cooperatives Regulatory Authority (NCRA)

(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३३
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

SAGARMATHA SAMBAAD

मितिः२०८२/०२/०९
ने.सं. ११४५ वछलागा एकादशी शुक्रवार

<u>मापदण्ड जारी गरिएको सम्वन्धमा</u>।

**सम्पूर्ण सरोकारवाला निकायहरु,**

बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाको कारोवारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन यस प्राधिकरणको मिति २०८२/०२/०९ गतेको निर्णयबाट **" बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२"** स्वीकृत गरी यसैसाथ संलग्न बमोजिमको मापदण्ड जारी गरिएको छ।

............
रविन ढकाल
**सचिव**

CamScanner

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सहकारी ऐन, २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद १: प्रारम्भिक

### १. प्रारम्भिक

१.१ यस मापदण्डको नाम "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड,२०८२" रहेको छ।

१.२ यो मापदण्ड प्राधिकरणबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डको प्रयोजनका लागि:

२.१ "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

२.२ "कर्जा सूचना केन्द्र" भन्नाले ऐनको दफा ८१ बमोजिमको कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

२.३ "ठुलो कारोबार गर्ने संस्था" भन्नाले पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनअनुरुप २५ करोड रुपैयाँभन्दा बढी बचत रहेको वा ऋण बक्यौता रहेको संस्था सम्झनु पर्छ।

२.४ "धितो मूल्याङ्कनकर्ता" भन्नाले संस्थाले ऋण प्रवाह गर्ने प्रयोजनका लागि सदस्यबाट लिने सुरक्षणको मूल्यांकन गराउने प्रयोजनका लागि तोकेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

CamScanner

२.५ "नियमनकारी निकाय" भन्नाले संस्थाको नियमन गर्न सहकारी सम्बन्धी प्रचलित कानुनले तोकिदिएको निकाय सम्झनु पर्छ।

२.६ "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्छ।

२.७ "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी मानो छुट्टिइ आ–आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

२.८ "प्राधिकरण" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।

२.९ "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

२.१० "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

२.११ "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

२.१२ "मुख्य कारोबार" भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ।

२.१३ "शेयर पुँजी" भन्नाले संस्थाले सदस्यहरुलाई शेयर बिक्री गरी संकलन गरेको पुँजी सम्झनु पर्छ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार



CamScanner

२.१४ "सहकारी बैंक" भन्नाले ऐनको दफा १२ बमोजिम गठन भएको सहकारी बैंक सम्झनु पर्छ।

२.१६ "संस्था" भन्नाले सहकारी ऐन, २०७४ को दफा ३ बमोजिम गठन भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सम्झनुपर्छ र सो शब्दले ऐनको दफा २(फ) बमोजिमका सहकारी संस्था समेत सम्झनु पर्छ।

२.१७ "सुरक्षण" भन्नाले संस्थाले ऋण दिँदा धितोस्वरुप लिएको प्रचलित कानूनबमोजिम मान्य हुने सम्पत्ति सम्झनु पर्छ। सो शब्दले सदस्यले आफ्नो खातामा रहेको बचत धितो राखी ऋण लिएमा त्यस्तो बचतलाई समेत जनाउँछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०७१)
नेपाल सरकार



CS CamScanner

## परिच्छेद २:  वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था

१. स्रोत संकलन सीमा

१.१ संस्थाले सदस्यहरुबाट मात्र बचत संकलन गर्नुपर्नेछ।

१.२ संस्थाले प्राथमिक पुँजी कोषको १५ गुणासम्म बचत संकलन गर्न सक्नेछ।

१.३ संस्थाले बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट आफ्नो कुल सम्पत्तिको पाँच प्रतिशतसम्म ऋण लिन सक्ने छ तर यसरी ऋण लिँदा पुँजीकोषको शत प्रतिशत भन्दा बढी ऋण लिन पाइनेछैन।

तर ५१ प्रतिशत वा सोभन्दा बढी लगानी सामूहिक जमानीमा गर्ने सहकारी संस्थाको हकमा कुल सम्पत्तिको २० प्रतिशत वा पुँजी कोषको १० गुणासम्म (जुन कम हुन्छ त्यो सीमासम्म) ऋण लिन सक्नेछ।

२. प्रति सदस्य बचत संकलन सीमा

२.१ संस्थाले प्रति सदस्य बचत संकलन सीमा सहकारी संस्थाको प्राथमिक पूँजी कोषको दश प्रतिशतसम्म हुनेछ। यो मापदण्डको प्रयोजनका लागि संस्थाले प्राथमिक पुँजीको गणना गर्दा आर्थिक वर्षको पहिलो महिनाको पहिलो दिन (साउन १) र सातौं महिनाको पहिलो दिन (माघ १) एक गते संस्थाले प्राथमिक पुँजी गणना गरी बचतको सीमा निर्धारण गर्नुपर्नेछ।

२.२ वि.सं २०८१ चैत्र १८ अघि कायम रहेको बचतको हकमा सो मितिबाट एक वर्षभित्र बुँदा नं. २.१ को सीमाभित्र ल्याईसक्नुपर्नेछ।

३. बचत संकलन

३.१ संस्थाले साधारण, नियमित र तीन वर्ष अवधिसम्मका आवधिक प्रकारका बचत खाताहरु सञ्चालन गर्न सक्नेछ।

तर नियमित बचतको अंश कुल बचतको न्यूनतम पच्चीस प्रतिशत कायम गर्नुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०७९)
नेपाल सरकार



CamScanner

३.२ संस्थाले स्वीकार गर्ने बचत परिचालन सम्बन्धी कार्यविधि साधारणसभाबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ।

४. <u>स्रोत खुलाउनु पर्ने:</u> सदस्यले दश लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा स्रोत खुलाउनु पर्नेछ।

नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।



CamScanner

## परिच्छेद ३: ऋणको सीमा, वर्गीकरण र व्यवस्थापनसम्बन्धी व्यवस्था

१. ऋण तथा लगानीको सीमा

१.१ सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यहरुलाई संस्थाले ऋण लगानी गर्न सक्नेछैन। तर कम्तीमा छ महिना नपुगेको सदस्यहरुलाई बिनाधितो ऋण लगानी गर्न सक्नेछैन।

१.२ संस्थाले प्रति सदस्य प्राथमिक पुँजीको अधिकतम १५ (पन्ध्र) प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सक्नेछैन।

१.३ संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा रु. तीन लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र विना धितो ऋण प्रवाह गर्न सक्नेछ। यसरी बिना धितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरुको जमानी लिनुपर्नेछ।

१.४ सञ्चालकले बुँदा नं १.३ बमोजिमको ऋण तथा आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋण (बुँदा नं २.१) बाहेक यो मापदण्ड लागू भएपछि कुनै प्रकारको थप ऋण लिन पाउनेछैन।

१.५ संस्थाले ऐनको दफा ५० को उपदफा (६) को बमोजिम शेयर तथा ऋणपत्रमा लगानी गर्न सक्नेछ।

१.६ संस्था विगत तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पुँजीकोष कायम रहेको अवस्थामा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत वा जगेडा कोषको बढीमा ५० प्रतिशतसम्म (जुन कम हुन्छ सोही बराबर) हुन आउने रकम बराबरको जग्गा/भवन कार्यालय प्रयोजनका लागि प्रतिस्पर्धात्मक विधिबाट पारदर्शी रुपमा खरिद/निर्माण गर्न सक्नेछ। उपरोक्त शर्तहरु विपरीत सम्पत्ति खरिद/निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजी गणना गर्दा घटाउनु पर्नेछ। सम्पत्ति खरिद/निर्माण गर्दा साधारणसभाको कम्तीमा ५१ प्रतिशत बहुमतको निर्णयबाट मात्र गर्नुपर्नेछ र सम्पत्ति खरिद/निर्माण गरिएको जानकारी ३० दिनभित्र नियमनकारी निकायमा दिनुपर्नेछ।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०७९)
नेपाल सरकार

CamScanner

१.७ ऐनको दफा ३ को उपदफा (५) बमोजिम गठन भएका संस्थाबाहेक ठुलो कारोबार गर्ने संस्थाले कुल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन/बिस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नु पर्नेछ। उक्त सीमाभित्र नरहेका संस्थाले २०८३ असार मसान्तसम्म यस्तो सीमा कायम गरी सक्नुपर्नेछ।

१.८ संस्थाले कृषि, उद्योग र व्यवसाय सञ्चालन गर्ने उद्देश्यका लागि ऋण प्रवाह गर्दा किस्ता/ब्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न सक्नेछ। यस्तो ग्रेस अवधि तय गर्दा कर्जाको प्रयोजन अनुसारको ग्रेस अवधि कायम गरी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्नेछ । संस्थाले लगानी गर्ने कुनै पनि ऋणको ग्रेस अवधि पूरा भएपछि तीन महिनाभन्दा बढी अन्तरालमा पर्ने गरी साँवाको किस्ता निर्धारण गर्न पाइने छैन । यस्तो ग्रेस अवधि तय गर्दा कर्जाको प्रयोजन अनुसारको ग्रेस अवधि कायम गरी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्नेछ।

१.९ संस्थाले ऋणीको सम्पत्ति धितो राखी बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट ऋण लिँदा ऋणीले संस्थाबाट लिएको ऋण रकमभन्दा बढी ऋण लिन पाउने छैन। तर संस्थाको सञ्चालकले आफ्नो स्वामित्वको सम्पत्ति धितो राखी आफू आवद्ध संस्थाको संस्थागत प्रयोजनका लागि लिइने ऋणलाई यस व्यवस्थाले बाधा पुगेको मानिनेछैन।

## २. सुरक्षणसम्बन्धी व्यवस्था

२.१ संस्थाले सदस्यको बचतको सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म ऋण प्रवाह गर्नसक्नेछ।

२.२ संस्थाले अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा उप/महानगरपालिकामा रहेको धितो मूल्याङ्कनको बढीमा ६० प्रतिशतसम्म र नगर/गाउँपालिकामा रहेको धितोको हकमा बढीमा ७० प्रतिशत सम्म ऋण प्रदान गर्नसक्नेछ।

२.३ संस्थाले ऋणी सदस्य स्वयम् को वा निजको एकाघर परिवारको धितोमा मात्र ऋण प्रवाह गर्नुपर्नेछ। यस मापदण्ड जारी हुनुअघि सदस्य स्वयम्को वा निजको एकाघर परिवारको धितोबाहेक तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणलाई २०८३ असार मसान्त सम्ममा नियमित गरिसक्नुपर्नेछ।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

२.४ संस्थाले ऋणी सदस्यलाई परियोजनाको सुरक्षणमा प्रवाह गरिएका ऋणमा कुल परियोजना लागतको ८० प्रतिशतसम्म मात्र किस्तावन्दीमा ऋण प्रवाह गर्न सक्नेछ।

२.५ संस्थाले आफ्ना सदस्यहरुको सदस्यता वापतको शेयरको धितोमा ऋण प्रवाह गर्न पाइनेछैन।

२.६ संस्थाले सम्भाव्य परियोजनाको स्थापना र विकासका लागि सोही परियोजना धितोमा रहने गरी उक्त परियोजनाको प्रगतिको आधारमा किस्तावन्दीमा कर्जा प्रवाह गर्न सक्नेछन्।

## ३. ऋणको वर्गीकरण:

संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/व्याज भुक्तानी अवधिका आधारमा देहायबमोजिम वर्गीकरण गर्नुपर्नेछ।

३.१ सक्रिय ऋण (Performing Loan): सक्रिय ऋणमा निम्नानुसारका असल (Pass) ऋण पर्नेछन्।

(क) भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएको।

(ख) सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण।

३.२ निष्क्रिय ऋण (Non Performing Loan): निष्क्रिय ऋणमा निम्नानुसारका ऋण पर्ने छन्:

(क) कमसल (Sub Standard): ३ देखि ६ महिनासम्म भाखा नाघेका ऋण।

(ख) शंकास्पद (doubtful): ६ देखि १२ महिनासम्म भाखा नाघेका ऋण।

(ग) खराब (loss): १२ महिनाभन्दा बढीले भाखा नाघेका ऋण।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

## ४. ऋण नोक्सानी व्यवस्था

४.१ संस्थाले बुँदा नं ३ बमोजिम वर्गीकरण गरिएका ऋणको लागि बक्यौता रकमको आधारमा देहायबमोजिम ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछः

| ऋण वर्गीकरण | | न्यूनतम ऋण नोक्सानी व्यवस्था |
|---|---|---|
| (क) | असल | १ प्रतिशत |
| (ख) | कमसल (Sub Standard) | २५ प्रतिशत |
| (ग) | शंकास्पद (Doubtful) | ५० प्रतिशत |
| (घ) | खराब (Loss) | १०० प्रतिशत |

नोट : असल ऋणको लागि गरिएको ऋण नोक्सानी व्यवस्थालाई "सामान्य ऋण नोक्सानी व्यवस्था(General Loan Loss Provision)" र अन्य ऋणको लागि गरिएको ऋण नोक्सानी व्यवस्थालाई "विशेष ऋण नोक्सानी व्यवस्था"(Specific Loan Loss Provision)" को रुपमा लिइनेछ।

४.२ कुनै एक किस्ताले भाखा नाघेमा सम्पूर्ण वक्यौता ऋण रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।

४.३ संस्थाले आवश्यकताअनुसार जोखिम पहिचानका आधारमा तोकिएकोभन्दा बढी ऋण नोक्सानी व्यवस्था कायम गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिनेछैन।

४.४ संस्थाले भाखा नाघेको वा ननाघेको कुनै पनि ऋणलाई देहायबमोजिमको अवस्थामा खराब ऋणमा वर्गीकरण गर्नुपर्नेछ।

क) यस मापदण्ड जारी हुनुपूर्व तेस्रो पक्षको धितोमा प्रवाह गरिएका ऋण वा भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋण।

ख) धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण।



नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)

CamScanner

५. <u>ऋण पुर्नसंरचना तथा पुर्नतालिकीकरण</u>

विशेष परिस्थितिमा प्राधिकरणद्वारा मापदण्ड जारी भएको अवस्थामा मात्र ऋणीले उचित कारणसहित लिखित अनुरोध गरेमा सञ्चालक समितिको निर्णयअनुसार निश्चित अवधिको लागि मात्र ऋण पुर्नतालिकिकरण वा पुनर्संरचना गर्न सकिनेछ।

६. <u>धितो फुकुवा सम्बन्धमा</u>

ऋण लगानीबमोजिम असुल उपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भई सकेपछि सुरक्षण वापत राखिएको धितो ऋणी सदस्यले अनुरोध गरेको ७ कार्यदिनभित्र फुकुवाको लागि अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ।

७. <u>धितो सकार गरेको सम्पत्तिसम्बन्धी व्यवस्था</u>

७.१ संस्थाले ऋण असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैंले सकार गर्नु पर्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्ने अघिल्लो दिनसम्म असुल गर्नु पर्ने रकम मध्ये जुन कम हुन्छ सोही मूल्यमा सकार गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य बक्यौता असुली गर्नु पर्ने रकमभन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च गर्नुपर्नेछ।

७.२ धितो सकार गरेको सम्पत्तिमा सकार गरेकै मितिदेखि शत–प्रतिशत नोक्सानी व्यवस्था कायम गरी यथाशीघ्र विक्री गर्नुपर्नेछ।

८. <u>विवरण पेश गर्नु पर्नेः</u> संस्थाले ऋण वर्गीकरण र ऋण नोक्सानी व्यवस्थासम्बन्धी विवरण प्रत्येक त्रयमास समाप्त भएको १५ दिन भित्र तालिका ३.१ र ३.२ बमोजिम सम्बन्धित निकायमा पठाउनुपर्नेछ।

९. <u>ऋण/लगानीको सीमा कायम गर्नु पर्नेः</u> यो मापदण्ड विपरीत भएको ऋण तथा लगानीलाई २०८३ असार मसान्तभित्र तोकिएको सीमाभित्र ल्याउनुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

तालिका ३.१

...................सहकारी संस्था लिमिटेड

धितो सकार गरेको सम्पत्ति (त्रैमासिक)

२०....... साल..... महिनाको विवरण

| क.सं | ऋणीको नाम | धितो सकार गरेको मिति | कुल धितो सकार गरेको सम्पत्ति रकम (रु) | नोक्सानी व्यवस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | कुल जम्मा | | | |

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार

तालिका ३.२

...................सहकारी संस्था लिमिटेड

ऋण वर्गीकरण र सोको लागि नोक्सानी व्यवस्थाको विवरण (त्रैमासिक)

२०....... साल..... महिनाको विवरण

(रु लाखमा)

| क्र.स | विवरण रकम | रकम |
|---|---|---|
| १. | सक्रिय ऋण | |
| १.१ | असल ऋण | |
| २ | निष्कृय ऋण | |
| २.१ | कमसल | |
| २.२ | शंकास्पद | |
| २.३ | खराब | |
| ३ | कुल ऋण (१+२) | |
| ४ | ऋण नोक्सानी व्यवस्था | |
| ४.१ | असल | |
| ४.२ | कमसल | |
| ४.३ | शंकास्पद | |
| ४.४ | खराब | |
| ४.५ | अतिरिक्त | |
| ४.६ | तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणका लागि थप | |
| ४.७ | भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋणका लागि थप | |
| ४.८ | धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण | |
| ५ | गत त्रयमाससम्मको ऋण नोक्सानी व्यवस्था | |
| ५.१ | असल | |
| ५.२ | कमसल | |
| ५.३ | शंकास्पद | |
| ५.४ | खराब | |
| ५.५ | अतिरिक्त | |
| ५.६ | तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणका लागि थप | |



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०७९)
नेपाल सरकार

| | | |
|---|---|---|
| ५.७ | भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋणका लागि थप | |
| ५.८ | धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण | |
| ६ | यस त्रयमासको नोक्सानी व्यवस्था | |
| ७ | यस त्रयमासको लागि थप ऋण नोक्सानी व्यवस्था | |
| ८ | यस त्रयमासमा थप/फिर्ता | |
| ९ | ९ कुल ऋण नोक्सानी व्यवस्था (५+६+७ ) | |
| | | |

मिति

अधिकृतको नाम

अधिकृतको दस्तखत

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार



CamScanner

## परिच्छेद ४: तरल सम्पत्ति सम्बन्धी व्यवस्था

१. संस्थाले कुल बचत दायित्वको कम्तिमा १५ प्रतिशत तरल सम्पत्ति कायम गर्नु पर्नेछ। तरल सम्पत्ति मापन गर्दा देहाय बमोजिमको सम्पत्ति समावेश गर्नुपर्नेछ।

(क) भल्टमा रहेको नगद मौज्दात,

(ख) सरकारी ऋणपत्रमा गरेको लगानी,

(ग) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप खातामा रहेको रकम,

(घ) इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको निक्षेप, र

(ङ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको ९० प्रतिशत रकम। तर तरल सम्पति गणना गर्ने प्रयोजनको लागि यस्तो रकमलाई संस्थाको कुल बचतको अधिकतम पाँच प्रतिशतसम्म गणना गर्नसकिनेछ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) को व्यवस्था बाहेक सहकारी संस्थाहरूले अन्य संघ संस्थामा रहेको बचतलाई समेत अधार मानि तरलता कायम गर्ने गरिएको भए दुई वर्षभित्र यो मापदण्ड बमोजिम नै हुने गरी तरल सम्पत्ति कायम गर्नुपर्नेछ।

२. मुद्दती निक्षेप वा सरकारी ऋणपत्रको धितोमा ऋण लिएको भए सो बक्यौता ऋण रकमलाई तरल सम्पत्ति गणना गर्दा घटाउनुपर्नेछ।

३. संस्थाले तरल सम्पत्तिको गणना साप्ताहिक औसतको आधारमा मासिक रुपमा गर्नुपर्नेछ।

४. संस्थाले तालिका ४.१ बमोजिम तरल सम्पत्तिको मासिक विवरण महिना समाप्त भएको सात दिनभित्र सम्बन्धित नियमनकारी निकायमा पठाउनुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०७९)
नेपाल सरकार

CamScanner

## तालिका ४.१

......सहकारी संस्था लिमिटेड

तरल सम्पत्तिसम्बन्धी विवरण (मासिक)

२०.... साल....महिना....गतेदेखि २०.... साल....महिना....गतेसम्म

| क.सं | विवरण | पहिलो हप्ता | दोस्रो हप्ता | तेस्रो हप्ता | चौथो हप्ता | औसत |
|---|---|---|---|---|---|---|
| १ | कुल बचत | | | | | |
| २ | २.१ कुल तरल सम्पत्ति<br>२.२ भल्टमा रहेको नगद मौज्दात,<br>२.३ सरकारी ऋण पत्रमा गरेको लगानी<br>२.४ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको निक्षेप खातामा रहेको रकम ।<br>२.५ इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको निक्षेप<br>२.७ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको ९० प्रतिशत रकम | | | | | |
| ३ | अन्य संघ वा सहकारी संस्थामा रहेको रकम | | | | | |
| ४ | घटाउने<br>मुद्दती निक्षेप वा सरकारी ऋणपत्रको धितोमा ऋण लिएको रकम | | | | | |
| ५ | कुल तरल सम्पत्ति | | | | | |

मितिः

कार्यकारी प्रमुख/व्यवस्थापक/प्रबन्धकः

## परिच्छेद ५: ब्याजदर सम्बन्धी व्यवस्था

१. ब्याजदर निर्धारण

१.१ संस्थाले सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम तोकिएको सन्दर्भ ब्याजदरको आधारमा बचत र ऋणको ब्याजदर निर्धारण गर्नुपर्नेछ।

१.२ संस्थाले समान प्रकृतिको बचत र ऋणमा प्रकाशित गरेको ब्याजदर सबै सदस्यको लागि समान रुपमा लागु गर्नुपर्नेछ।

१.३ बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुन हुँदैन। ब्याजदर गणना गर्दा बचत र ऋणको भारित औसत ब्याजदरलाई आधार मान्नुपर्नेछ।

१.४ संस्थाले बचतको र ऋणको ब्याजदर मासिक रुपमा पुनरावलोकन गर्नसक्नेछ।

२. ब्याजदर र सेवा शुल्क सञ्चालक समितिले निर्धारण गर्नु पर्ने

२.१ संस्थाले आफ्ना सदस्यहरुबाट संकलित बचतमा दिने र ऋणमा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि र प्रशासनिक सेवा शुल्क सम्बन्धमा संस्थाको सञ्चालक समितिबाट निर्णय गराई लागु गर्नुपर्नेछ।

२.२ ऋण प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, ब्याज र हर्जाना ब्याज बाहेक अन्य शुल्क लिन पाईने छैन। तर सदस्य ऋणीहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकायमार्फत् सेवा लिने सन्दर्भमा सो सेवावापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न सकिनेछ।

२.३ संस्थाले ऋणमा घट्दो मौज्दातको आधारमा दिनगन्ती हिसाबले तोकिएको दरमा ब्याज गणना गरी लिनुपर्नेछ।

३. विवरण पेश गर्नु पर्ने: बचत तथा ऋणको ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि र सेवा शुल्कसम्बन्धी विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित नियमनकारी निकायमा पेश गर्नुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल १६

CamScanner

## परिच्छेद ६: पुँजीकोषसम्बन्धी व्यवस्था

१. संस्थाले कुल जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पुँजी (Core Capital) अनुपात कायम गर्नुपर्नेछ र सो गणना गर्दा देहायबमोजिम गर्नुपर्नेछ।

१.१ प्राथमिक पुँजीमा शेयरपुँजी, जगेडा कोष, घाटा पूर्ति कोष र सञ्चित नाफा/नोक्सानी शीर्षकहरुमा रहेको रकम।

प्राथमिक पुँजी (रु)=शेयरपुँजी+जगेडा कोष+घाटा पूर्ति कोष+सञ्चित नाफा/नोक्सानी

१.२ प्राथमिक पुँजी अनुपात देहायबमोजिम मापन गर्नुपर्दछ।

प्राथमिक पुँजी अनुपात = प्राथमिक पुँजी/ कुल जोखिम भारित सम्पत्ति ×१००

२. ठुलो कारोबार गर्ने संस्थाले न्यूनतम प्राथमिक पुँजी अनुपातको अतिरिक्त देहायबमोजिम पुरक पुँजी (Supplimentary Capital) मापन गरी कुल जोखिम भारित सम्पत्तिको न्यूनतम ८ प्रतिशत पुँजी कोष (प्राथमिक पुँजी +पूरक पुँजी) अनुपात कायम गर्नुपर्नेछ।

२.१ पूरक पुँजी मापनमा देहायबमोजिमको रकम समावेश गर्नुपर्नेछ ।

(क) सक्रिय ऋणको ऋण नोक्सानी व्यवस्था,

(ख) सक्रिय वाहेकका अन्य ऋणको हकमा तोकिएभन्दा बढी ऋण नोक्सानी व्यवस्था गरिएको भएमा त्यस्तो अतिरिक्त ऋण नोक्सानी रकम । तर उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको १.५ प्रतिशत भन्दा बढी हुने गरी पूरक पुँजीमा समावेश गर्न पाइनेछैन।

(ग) सम्पत्ति पुनर्मूल्याङ्कन कोषमा रहेको रकम। तर यस कोषमा रहेको रकम वा कुल पूरक पुँजीको २ प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश गर्नुपर्नेछ ।

(घ) प्रयोजन किटान नगरिएका अन्य कोषहरुमा रहेको रकम ।

२.२ कुल पुँजीकोष अनुपात देहायबमोजिम मापन गर्नुपर्दछ।

कुल पुँजीकोष अनुपात = (प्राथमिक पुँजी + पूरक पुँजी)÷कुल जोखिम भारित सम्पत्ति ×१००



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।

CamScanner

२.३ कुल पुँजी कोष गणना गर्ने प्रयोजनको लागि प्राथमिक पुँजीको अधिकतम शतप्रतिशत मात्र पूरक पुँजी हुनुपर्नेछ।

**जोखिम भारित सम्पत्ति (Risk Weighted Assets)**

प्राथामिक पुँजीकोष र कुल पुँजीकोष गणना गर्ने प्रयोजनको लागि सम्पत्तिलाई देहायबमोजिम भार (Weighted) प्रदान गर्नु पर्नेछ। जोखिम भारित सम्पत्तिको गणना गर्दा संस्थाको वासलातको सम्पत्ति तर्फको रकमबाट सो सम्पत्तिको नोक्सानी बापत गरिएको विशेष ऋण नोक्सानी व्यवस्थाको रकमलाई घटाई आउने रकमलाई दिइएको भार अंकले गुणा गरी योग निकाल्नुपर्दछ।

| सम्पत्तिको प्रकार | जोखिम भार (प्रतिशत) |
|---|---|
| नगद मौज्दात | ० |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० |
| आफ्नै आवधिक बचतको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको ऋण | ० |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० |
| इजाजतप्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० |
| धितोमा आधारित ऋण | १०० |
| विना धितो प्रवाह भएको ऋण | १०० |
| स्थिर सम्पत्ति | १०० |
| अन्य सम्पत्ति | १०० |
| ऐनले तोकेबमोजिमका अन्य लगानीहरु | १०० |
| तेस्रो पक्षको धितोमा प्रवाह भएको सापटी/ ऋण | १५० |

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।



CamScanner

४. <u>न्यूनतम पुँजीकोष अनुपात परिपालना</u>

४.१ संस्थाले यो मापदण्ड लागु भएको तीन महिनाभित्र पुँजीकोषको विवरण नियमनकारी निकायमा पेश गर्नुपर्नेछ। संस्थाको प्राथमिक पुँजी अनुपात र पुँजीकोष अनुपात नपुग भएमा २०८३ असार मसान्तसम्म यस्तो अनुपात कायम गरिसक्ने गरी कार्ययोजना समेत पेश गर्नुपर्नेछ।

४.२ पुँजीकोषको अनुगमन लेखा सुपरिवेक्षण समितिले प्रमाणित गरेको पछिल्लो त्रयमासको वासलात तथा नाफा/नोक्सान हिसाबको विवरणको आधारमा गर्नुपर्नेछ।

४.३ संस्थाले प्रत्येक त्रयमास समाप्त भएको एक महिनाभित्र तालिका ६.१ र ६.२ अनुसार पुँजीकोषसम्बन्धी विवरण तयार गरी नियामक निकायमा पठाउनुपर्नेछ।

४.४ संस्थामा न्यूनतम पुँजीकोष कायम नभएसम्म लाभांश घोषणा तथा वितरण गर्न पाइनेछैन। नपुग पुँजीकोष देहायबमोजिम पूरा गर्नसकिनेछ।

क) सदस्यहरुबाट थप शेयर पुँजी उठाएर,

ख) खुद मुनाफामध्येबाट साधारण जगेडा कोषमा सारेर ।

४.५ संस्थाले ऐनमा भएको व्यवस्थाअनुसार जगेडा कोष खडा गर्नुपर्नेछ । ऊक्त कोषमा देहायबमोजिमका रकम रहनेछन्।

(क) आर्थिक वर्षको खुद बचत (खुद मुनाफा) रकमको कम्तिमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
स्थापना-२०८१।
नेपाल सरकार

तालिका ६.१

........सहकारी संस्था लि.

पुँजीकोष र पुँजीकोष पयार्प्तता अनुपात तालिका

(२०..../अषाढ/पौषमसान्त)

पुँजीकोष तालिका

(रु. हजारमा)

| विवरण | चालु अवधि | गत अवधि |
|---|---|---|
| (क)प्राथमिक पुँजी<br>१) शेयरपुँजी<br>२) जगेडा कोष<br>३) घाटा पुर्तिकोष<br>४) सञ्चित नाफा/ नोक्सानी | | |
| (ख) पूरक पुँजी<br>१) सक्रीय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था<br>२) अतिरित्त ऋण नोक्सानी व्यवस्था<br>३) सम्पति पुर्नमूल्याङ्कन कोष<br>४) स्वतन्त्र जगेडा | | |
| (ग) जम्मा पुँजीकोष (क+ख) | | |
| (घ) जोखिम भारित सम्पतिको आधारमा कायम गर्नु पर्ने न्युनतम पुँजीकोष<br>पुँजीकोष (.........प्रतिशत)<br>प्राथमिक पुँजी (........प्रतिशत) | | |
| पुँजीकोष (अधिक/ न्यून) (.........प्रतिशतले)<br>प्राथमिक पुँजी (अधिक/न्यून) (........प्रतिशतले) | | |

मितिः

आधिकारिक दस्तखतः

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार



CamScanner

तालिका ६.२

......सहकारी संस्था लिमिटेड

जोखिम भारित सम्पत्ति विवरण तालिका

(२०..../असार/पौष मसान्त)

(रु.हजारमा)

| सम्पतिको विवरण | भार | चालु अवधि रकम | जोखिम भारित सम्पत्ति | गत अवधि रकम | गत अवधि जोखिम भारित सम्पत्ति |
|---|---|---|---|---|---|
| रकम मौज्दात | ० | | | | |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| सदस्यको खातामा रहेको बचत धितो राखी प्रवाह गरेको ऋण | ० | | | | |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० | | | | |
| इजाजतप्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० | | | | |
| धितोमा आधारित ऋण | १०० | | | | |
| बिना धितो प्रवाह भएको ऋण | १०० | | | | |
| स्थिर सम्पत्ति | १०० | | | | |
| अन्य सम्पत्ति | १०० | | | | |
| ऐनले तोकेबमोजिमका अन्य लगानीहरु | १०० | | | | |
| तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋण | १५० | | | | |
| कुल जोखिम भारित सम्पत्ति जम्मा | | | | | |

द्रष्टव्य; जोखिम भारित सम्पत्तिको गणना गर्दा संस्थाको वासलातको सम्पत्ति तर्फको रकमबाट सो सम्पत्तिको नोक्सानी वापत गरिएको विशेष व्यवस्थाको रकमलाई घटाई आउने रकमलाई दिइएको भार अंकले गुणा गरी योग निकाल्नु पर्दछ।

मितिः

अधिकृतको दस्तखतः



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०७१)

## परिच्छेद ७: संस्थागत सुशासनसम्बन्धी व्यवस्था

१. <u>सञ्चालक समिति</u>

१.१ सञ्चालक समितिमा अध्यक्षसहित कम्तिमा पाँच र बढीमा नौ जना सदस्य रहन सक्नेछन्। उपलब्ध भएसम्म समितिमा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व निश्चित गर्नुपर्नेछ। यो मापदण्ड प्रारम्भ हुनुअघि निर्वाचित भएका सञ्चालकको हकमा निजहरुको कार्यकाल समाप्तीपश्चात्त यो व्यवस्था लागू हुनेछ।

१.२ परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको रुपमा निर्वाचित हुन पाउने छैन।

१.३ कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागी निर्वाचित हुनसक्नेछैन।

१.४ कुनै पनि सदस्य एकै अवधिमा एकभन्दा बढी संस्थाको सञ्चालक वा पदाधिकारी हुन पाइनेछैन।

१.५ सञ्चालक समितिमा निर्वाचित हुनका लागि प्रचलित कानुनबमोजिम कालोसुचीमा नपरेको वा कालोसूचीमा परेको भएमा फुकुवा भएको मितिले तीन वर्ष पुरा भएको हुनुपर्नेछ।

१.६ सञ्चालकले आफू जमानी बसी कुनै पनि ऋण प्रवाह गर्न पाईनेछैन।

१.७ सञ्चालक कालो सूचीमा परेमा र आफैले वा परिवारका सदस्यले लिएको ऋण र जमानी दिएको ऋण खराव वर्गमा वर्गीकृत भएमा त्यस्तो सञ्चालक स्वत; पदमुक्त हुनेछ। तर समस्याग्रस्त संस्थाको हकमा प्रचलित व्यवस्थाबमोजिम हुनेछ।

१.८ सञ्चालकले आफ्नो पदको दुरुपयोग गरी कुनै प्रकारको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानी हुने क्रियाकलापहरुमा संलग्न हुनुहुदैन।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

२. <u>सञ्चालक समितिको जिम्मेवारी तथा आचरण</u>

२.१ संस्थाको कर्मचारी प्रशासन, बचत संकलन, ऋण लगानी तथा असुलीलगायत आवश्यक कार्यविधि साधरण सभाबाट स्वकृत गराई लागु गर्नुपर्नेछ।

२.२ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आन्तरिक र वाह्यय लेखा परीक्षण प्रतिवेदन कार्यन्वयन गर्नु/गराउनुपर्नेछ।

२.३ नियमनकारी निकायले माग गरेको विवरण उपलब्ध गराउनुको साथै त्यस्तो निकायले दिएको मापदण्डको पूर्ण पालना गर्नु/गराउनुपर्नेछ।

२.४ साधारण सभाले पारित गरेको वासलात र नाफा/ नोक्सान विवरण नियमनकारी निकायले तोकेको ढांचामा प्रकाशन गर्नुपर्नेछ।

२.५ सञ्चालक समिति, प्रमुख कार्यकारी/ प्रबन्धक/व्यवस्थापक र कर्मचारीहरुको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव एवंम् आचार संहितासम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्नेछ।

२.६ संस्थाको कारोवारको सिलसिलामा प्राप्त कुनै पनि सूचना अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्नहुँदैन।

२.७ संस्थाको दैनिक कार्य सञ्चालनमा हस्तक्षेप गर्न हुदैंन। तर वार्षिक रु दुई करोड रुपैयाँभन्दा कमको कारोवार गर्ने रहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भएमा यस मापदण्ड जारी भएको तीन महिनाभित्र कुनै एउटा पद त्याग गर्नुपर्नेछ।

२.८ सञ्चालक समितिका पदाधिकारी र कर्मचारीहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी संस्थामा पेश गर्नुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार



CamScanner

३. लेखा सुपरिवेक्षण समितिको गठन र जिम्मेवारी

३.१ सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा तोकिएबमोजिमको योग्यता पुगेका संयोजक र दुई सदस्य रहने गरी साधरण सभाबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ।

३.२ लेखा सुपरिवेक्षण समितिले विद्यमान ऐन, नियमावली र मापदण्डहरुको अधीनमा रही प्रत्येक त्रैमासमा आन्तरिक लेखापरीक्षण सम्पन्न गराउनुपर्नेछ।

३.३ वित्तिय तथा आर्थिक कारोवारको निरिक्षण तथा मूल्याङ्कन गरी प्रचलित ऐन नियम, मापदण्ड, नियमनकारी निकायले दिएको निर्देशन, र साधरण सभाको निर्देशन एवम् निर्णयबमोजिम कार्यसम्पादनको नियमित अनुगमन गरी सञ्चालक समितिसक्षम प्रतिवेदन पेश गर्नुपर्नेछ।

४. कार्यकारी प्रमुख/संस्था प्रमुखको नियुक्ति तथा आचरण

४.१ कार्यकारी प्रमुख/प्रबन्धक/व्यवस्थापकको रुपमा नियुक्त हुन देहायको योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) संस्थाबाट आफूले वा एकाघर परिवारको नाममा ऋण नलिएको,

(ख) फौजदारी अभियोगमा कारवाही नभएको,

(ग) कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(घ) अन्य सहकारी संस्थाहरुमा संलग्न नभएको,

(ङ) राजनैतिक दलको सदस्य नभएको,

(च) २१ वर्ष उमेर पूरा भएको,

(छ) ठूला कारोवार गर्ने सहकारी संस्था बाहेकको हकमा न्यूनतम शैक्षिक योग्यता दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह र ठूलो कारोबार गर्ने संस्थाहरुको हकमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।

४.२ सञ्चालकको एकाघर परिवारको व्यक्ति कार्यकारी प्रमुख/संस्था प्रमुखको रुपमा कार्य गर्न पाउनेछैन।

४.३ कार्यालय प्रमुखको नियुक्तिसम्बन्धी जानकारी नियमनकारी निकायलाई १५ दिनभित्र दिनुपर्नेछ।

४.४ पदको दुरुपयोग गरी कुनैपनि किसिमको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानि हुने क्रियाकलापमा संलग्न हुनुहुँदैन।

४.५ संस्थामा गोप्य रहनुपर्ने सूचना/विवरण अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्नहुँदैन।

४.६ संस्थाको कारोबारसँग सम्बन्धित कागजात, अभिलेख र प्रतिवेदन कानूनबमोजिम तोकिएको अवधिसम्म सुरक्षित र दुरुस्त राखुपर्दछ।

४.७ कार्यकारी प्रमुख/संस्था प्रमुख/व्यवस्थापकको कार्यअवधि ४ वर्षको हुनेछ। कार्य सम्पादन मूल्याङ्कनको आधारमा सञ्चालक समितिलाई उपयुक्त लागेमा थप एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ। यो मापदण्ड जारी भएको मितिपछि भएको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिलाई पहिलो नियुक्ति (कार्यकाल) मानिनेछ। तर वार्षिक दुई करोडसम्मको कारोबार भएका सहकारी संस्थाहरुको हकमा यो व्यवस्था लागू हुनेछैन।

४.८ कार्यकारी प्रमुख/संस्था प्रमुखको सेवा सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ र वार्षिक प्रतिवेदनमा निजलाई उपलब्ध गराएको सम्पूर्ण सेवा सुविधा स्पष्ट खुलाउनुपर्नेछ। उक्त प्रतिवेदनमा स्पष्ट उल्लेख गरिएको बाहेकको सेवा सुविधा लिन पाइनेछैन।

## ५. कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था

५.१ कर्मचारीले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संस्थाको हितविपरीत हुने कुनै प्रकारको क्रियाकलापमा संलग्न हुनुहुँदैन।

५.२ पदको दुरुपयोग गरी व्यक्तिगत लाभ हुने क्रियाकलापमा संलग्न हुनुहुँदैन।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार
CamScanner

५.३ कर्मचारीले आफु कार्यरत रहेको संस्थाबाहेक अन्य संस्थामा आंशिक (part time) रुपमा काम गर्न वा अन्य व्यावसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले संस्थाको व्यवस्थापनबाट लिखित स्वीकृति लिनु पर्नेछ। संस्थाको हितमा प्रतिकूल असर नपर्ने भएमा मात्र संस्थाले निजलाई आंशिक काम गर्न लिखित स्वीकृति दिनसक्नेछ।

५.४ संस्थाको स्वीकृत कर्मचारी कार्यविधिमा उल्लेखित ऋण, सापटी तथा सुविधा मात्र प्रदान गरिनेछ। संस्थाको सदस्यसरह बचत सुरक्षण बाहेक ऋण र अन्य सुविधा लिन पाइने छैन। संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचना अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्न हुँदैन।

५.५ कर्मचारीले अनधिकृत रुपमा संस्थाको लेखा, अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्नु हुँदैन।

५.६ कर्मचारीले आचरण वा नियम उल्लंघन गरेमा संस्थाको स्वीकृत कर्मचारी कार्यविधिअनुसार कारबाही गरी अभिलेख (record) राख्नु पर्नेछ । संस्थाले कर्मचारीलाई गरेको कारबाही सम्बन्धी विवरण अर्धवार्षिक रुपमा सम्बन्धित नियामक निकायमा प्रत्येक अर्धवार्षिक अवधि समाप्त भएको एक महिनाभित्र लिखित जानकारी गराउनुपर्नेछ।

६. <u>कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धीः</u> संस्थाले कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको कम्तिमा दुई प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्नेछ।

७. <u>लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u>

७.१ नेपाल चार्टड एकाउण्टेण्ट्स संस्थाबाट मान्यताप्राप्त लेखापरीक्षकबाट प्रचलित लेखापरीक्षणको सामान्य सिद्धान्तअनुसार वार्षिक लेखापरीक्षण गराउनुपर्नेछ।

७.२ लेखापरीक्षकको नियुक्ति प्रचलित कानूनको रीत पुर्याई साधारण सभाबाट गर्नुपर्नेछ।

७.३ लेखापरीक्षकको व्यक्तिगत विवरण, कार्य अनुभव र प्रमाणपत्रको प्रतिलिपि नियमनकारी निकायमा पेश गर्नुपर्नेछ।

७.४ एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी नियुक्ति गर्न पाइनेछैन।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

CamScanner

७.५ लेखापरीक्षकले लेखापरीक्षण गरी पेश गरेको वित्तीय प्रतिवेदनको पूर्ण रुपमा जवाफदेहिता वहन गर्नुपर्नेछ।

७.६ ठुलो कारोवार गर्ने संस्थाले सम्भव भएसम्म आन्तरिक लेखा व्यवस्थापनका लागि सीए/एसीसीए वा व्यवस्थापनमा स्नातक उत्तीर्ण भएको कर्मचारी पूर्ण वा आंशिक रुपमा नियुक्त गर्नुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।



CamScanner

## परिच्छेद ८: सदस्य संरक्षण सम्बन्धी व्यवस्था

१. सदस्यको ऋण बक्यौता र बचत रकम कायम रहेसम्म संस्थाको सदस्यता कायम राख्नुपर्दछ।

२. सदस्यले संस्थाको सदस्यता त्याग गरेको वा निष्काशित भएको अवस्थामा निजले पाउनुपर्ने शेयरको रकम, लिन बाँकी शेयर लाभांश बराबरको रकम, लिन बाँकी संरक्षित पुँजी फिर्ता वापतको रकम सो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र फिर्ता दिनुपर्नेछ । तर संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रकम मात्र सदस्यलाई फिर्ता दिनुपर्नेछ।

३. सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम फिर्ता गर्नुपर्नेछ।

४. सदस्यहरुलाई साधारण सभाको जानकारी ३० दिन अगावै गराउनुपर्नेछ।

५. ऐन, नियमावली र नियमनकारी निकायले तोकेभन्दा बढी सेवा शुल्क लिन पाइने छैन ।

६. संस्थाले देहायबमोजिमको विवरणहरु संलग्न संक्षिप्त विवरण/पुस्तिका तयार गरी सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

क) बचत खाताको विवरण,

ख) सदस्यताका लागि प्रवेश शुल्क र प्रक्रिया,

ग) ब्याजदर र ब्याजदर गणना गर्ने विधि,

घ) विद्युतीय माध्यममार्फत कारोबार गर्दा लाग्ने शुल्क,

ङ) ऋण लिँदा लाग्ने सेवा शुल्क र नवीकरण शुल्क, र

च) सदस्यता त्यागपश्चात प्राप्त हुने रकम/कलम विवरण ।

७. संस्थाले आधारभूत सेवा सुविधा र सो को प्रक्रियाबारे संक्षिप्त जानकारी दिन सबैले देख्ने ठाउँमा सदस्य बडापत्र टाँसी अद्यावधिक गर्नुपर्नेछ।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

CamScanner

८. संस्थाले नयाँ सदस्य बनाउनुपूर्व तथा ऋण लगानी पूर्व वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण प्रशिक्षण प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

९. बचत र ऋणको ब्याजदर तथा सेवा शुल्क परिवर्तन भएमा सदस्यलाई उपयुक्त माध्यमबाट यथाशिघ्र जानकारी गराउनुपर्नेछ।

१०. सदस्यलाई ऋण प्रवाह गर्दा संस्थामा रहेको निजको खातामार्फत् मात्र प्रवाह गर्नुपर्नेछ।

११. सदस्यबाट हुने गुनासो/उजुरीको समाधान/कार्यान्वयन संयन्त्रको व्यवस्था गर्नुपर्नेछ।ठुलो कारोबार गर्ने संस्थाले गुनासो सुनुवाई अधिकारी र सूचना अधिकारीको समेत व्यवस्था गर्नुपर्नेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।

## परिच्छेद ९: विविध

१. <u>निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्था:</u> यस मापदण्डको परिपालना सुनिश्चित गर्न नियमनकारी निकायबाट स्थलगत र गैरस्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि तर्जुमा गरी लागुहुनेछ।

२. <u>कार्यविधि तर्जुमा गर्नु पर्नेः</u> संस्थाले साधारण सभाबाट सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र यस मापदण्ड कार्यान्वयनको लागि आन्तरिक कार्यविधि स्वीकृत गरी लागु गर्नु पर्नेछ। उक्त कार्यविधिमा कम्तिमा कर्जा प्रवाहका मापदण्ड, कारोबार सञ्चालन मापदण्ड, तरलता व्यवस्थापन मापदण्ड र संस्थाको भौतिक सुरक्षा प्रवन्धसम्बन्धी मापदण्ड समावेश गर्नुपर्नेछ।

३. <u>सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्था:</u> संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सहकारी विभागबाट जारी भएको "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन सहित)" को पूर्ण परिपालना गर्नु पर्नेछ।सो परिपालना नगर्ने संस्थालाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम कारवाही हुनेछ।

४. <u>कर्जा सूचना सम्बन्धी व्यवस्था:</u> संस्थाले कर्जा सूचना केन्द्रको सदस्यता लिनु पर्नेछ । निश्चित रकमभन्दा बढीको ऋण स्वीकृति गर्नुपूर्व ऋण सूचना लिनुपर्ने व्यवस्था, सो को सेवा शुल्क र कालोसूची सम्बन्धी व्यवस्था नियमनकारी निकायले निर्धारण गरेबमोजिम हुनेछ।

५. <u>संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्नुपर्नेसम्बन्धी व्यवस्था:</u> सहकारी ऐनको दफा ६९ बमोजिमको संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई रकम फिर्ता गर्दा नियमावली को नियम २५ अनुरुप गर्नुपर्नेछ।

६. <u>वित्तीय विवरण पेश गर्नुपर्ने:</u> विभागमा रहेको सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली मार्फत् वित्तीय विवरण पेश गर्ने गर्नुपर्नेछ।

७. <u>अद्यावधिक गर्नुपर्नेः</u> संस्थालाई अद्यावधिक गर्दा साधारण सभा, आवधिक निर्वाचन, लेखापरीक्षण, नियामकीय निकायमा पेश गरेका वित्तीय विवरणहरु र कर चुक्ता प्रमाणपत्र समावेश गरी ऐनले तोकेबमोजिम संस्थालाई अद्यावधिक गर्नुपर्नेछ।



राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

CamScanner

८. **<u>संस्थाले गर्न नहुने कार्यहरु:</u>** प्रचलित कानुनले गर्न नहुने भनी तोकिका कार्यहरुका अतिरिक्त संस्थाले वासलात वाहिरको कारोवार (जस्तै प्रतीत पत्र, जमानत आदि) गर्न, अधिविकर्ष (overdraft) ऋण दिन, व्यापार/व्यवसाय गर्ने नियतले मालसामानहरु खरिद बिक्री गर्न, व्यापारिक प्रयोजनको लागि चल अचल सम्पत्ति खरिद गर्न, सुनचाँदीका धितोमा ऋण प्रवाह गर्न, बिदेशी मुद्राको कारोवार गर्न, चिट्ठा वा उपहार योजनाहरु सञ्चालन गर्नुहुँदैन।

९. **<u>धितो मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u>** संस्थाले निश्चित रकमभन्दा माथिको ऋणको धितो मूल्याङ्कन गर्दा अनिवार्य रुपमा सूचीकृत धितो मूल्याङ्कनकर्ताबाट गराउनु पर्नेछ। संस्थाले धितो मूल्याङ्कन सम्बन्धमा शुल्क तथा मापदण्ड लगायतका विषयहरु समावेश गरी कार्यविधि बनाई लागु गर्नुपर्नेछ।

१०. **<u>मापदण्डको परिपालना:</u>**

१०.१ यो मापदण्डको परिपालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

१०.२ यो मापदण्डको परिपालना नगर्ने/नगराउने संस्थालाई ऐन बमोजिमको कारवाही हुनेछ।

११. **<u>व्याख्याको अधिकार:</u>** यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार प्राधिकरणमा रहनेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।



CamScanner